# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं ।

## १ (एक) थान पाँच सिटर कार खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सूचना

**बोलपत्र सूचना नं. ०९/०७८/०७९**

**(प्रथमपटक प्रकाशित मितिः २०७९/०१/२६)**

यस संस्थानको बोलपत्र फाराममा उल्लेख गरेको स्पेसिफिकेसन अनुसारको १ (एक) थान पाँच सिटर कार आवश्यक परेकोले डोर डेलिभरी मूल्यमा सप्लाई गर्न चाहने इच्छुक रजिष्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र पेस गर्नका लागि संस्थानबाट बिक्री हुने बोलपत्र फाराम रू.३,०००/- (अक्षेरूपी तीन हजार रूपैयाँ मात्र) फिर्ता नहुने गरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी बोलपत्र पेस गर्दा खाम बाहिर गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ र १ थान पाँच सिटर कार सप्लाई सम्बन्धी कार्यको बोलपत्र भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ ।

३. सिलबन्दी बोलपत्र पत्रिकामा सूचना प्रकाशित भएको मितिले १ महिनाभित्र अर्थात् मिति २०७९/०२/२५ गते दिनको १२:०० बजेभित्र सिलबन्दी गरी श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थानको नाममा सम्बोधन गरी बुझाउनुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

४. सिलबन्दी बोलपत्र साथ संस्थानले माग गरेको धरौटी (बिड बन्ड) बापतको रकम रू.१,०५,०००/- (एक लाख पाँच हजार रूपैयाँ मात्र) संस्थानको नेपाल बैंक लिमिटेड, काठमाडौँ अफिस स्थित चल्ती खाता नं. ००२००१००५०२४२६००००१ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा वाणिज्य बैंकहरूको जमानतपत्र बोलपत्रसाथ पेस गर्नुपर्नेछ । बैंक जमानत पत्र (बिड सेक्युरिटी) को समयावधि कम्तीमा बोलपत्र खोलेको मितिबाट १२० दिनको हुनुपर्नेछ ।

५. प्राप्त बोलपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७९/०२/२५ गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ । उपस्थित प्रतिनिधि अख्तियारनामा सहित उपस्थित हुनुपर्नेछ ।

६. माथि जुनसुकै कुरा लेखिएको भएता पनि बोलपत्र दातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पुरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ ।

७. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ । उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ ।

८. बोलपत्र स्वीकृत भई बोलपत्र दाताले आपूर्ति गरेको कार संस्थानले माग गरेको स्पेसिफिकेसन अनुसारको नभएमा सो कार संस्थानले बोलपत्र दातालाई फिर्ता गर्न सक्नेछ ।

९. बोलपत्र दाताले यस संस्थानबाट बिक्री गरेको बोलपत्र फाराममा मूल्य सूचि, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

१०. बोलपत्र दाताले बोलपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, भ्याट/प्यान दर्ताको प्रमाणपत्र, आयकर, मूल्य अभिवृद्धि कर नवीकरण समेत भएको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनुपर्नेछ । साथै आ.व.०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ ।

११. बोलपत्र दाताले आफू कालोसूचिमा नपरेको स्वः घोषित घोषणापत्र पेस गर्नुपर्नेछ ।

१२. यस सूचनामा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**सिलबन्दी बोलपत्रको विवरण**

| सि.न. | सामानको विवरण | पेस गर्नुपर्ने बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| १. | एक थान पाँच सिटर कार | रू. १,०५,०००/- | रू.३,०००/- |

**नोट** : यो सूचना गोरखापत्र संस्थानको वेबसाइट www.gorkhapatraonline.com मा पनि हेर्न सकिनेछ ।

**खरिद शाखा**

**गोरखापत्र संस्थान**

**धर्मपथ, काठमाडौँ, फोन नं: ५३४४४३७**